श्रमको सम्मान गरौं　　श्रम शक्ति नै राष्ट्र शक्ति हो

# श्रमिक पोष्ट
# Shramik Post
चौमासिक पत्रिका

NTUC

२०८१ पुस　　December 2024



**प्रकाशक**
नेपाल ट्रेड युनियन कांग्रेस
प्रचार-प्रसार तथा प्रकाशन विभाग

**संरक्षक**
योगेन्द्र कुमार कुँवर

**सम्पादक**
राधिका कुईकेल खनाल

**सह-संयोजक**
कमल कुमार खत्री

**सचिव**
सुदीप बुढाथोकी

**प्रचार-प्रसार तथा प्रकाशन विभाग सदस्यहरु**
शिव देवकोटा
यज्ञराज घिमिरे 'गोपाल'
कल्पना खरेल
विजयराज भण्डारी
प्रकाश घिमिरे
शिवराज तिमिल्सिना
कृष्ण प्रसाद ढकाल
पवित्रा पोख्रेल

**डिजाइन**
राम थापा

**कार्यालय**
गिरिजा प्रसाद कोइराला
श्रमिक स्मृति भवन
अनामनगर,१० काठमाडौं
सम्पर्क: ९७७-०१-५२४४९५४
फ्याक्स: +९७७-०१५२४४२५९
इमेल: ntucoffice@gmail.com
वेभ: www.ntuc.org.np




## नेपाल ट्रेड युनियन कांग्रेस र नेपाली कांग्रेसबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न

नेपाल ट्रेड युनियन कांग्रेस राष्ट्रिय समितिले नेपाली कांग्रेस केन्द्रिय समितिका पदाधिकारीहरू र कांग्रेसबाट निर्वाचित संघीय सांसदहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गरेको छ। नेपाल सरकारलाई लामो समयदेखि ट्रेड युनियनहरूले आइ.एल.ओ. महासन्धिहरू पास गर्न दवाव दिइएको भए तापनी नेपालले ११ वटा भन्दाबढि महासन्धिहरू पास गर्न सकेको अवस्था छैन। सन् २०२६ मा नेपाल विकासोन्मुख देशबाट विकसित देशमा परिणत हुन गइरहेकोले नेपाल सरकारलाई आइ.एल.ओ. महासन्धिहरू पास गर्न दवाव परेको छ। त्यसैले सरकारले आइ.एल.ओ. महासन्धि ८१, ८७ र प्रोटोकल २९ पास गर्न तयारी गरिरहेको बेला आफ्नो माउ पार्टी नेपाली कांग्रेसलाई पनि महासन्धि किन आवश्यक छ र पास गर्दा राज्य र श्रमिकलाई के कस्तो फाइदा हुन्छ भन्ने बारेमा छलफल गर्न उक्त कार्यक्रमको आयोजना गरीएको हो। काठमाडौंको बुढानिलकण्ठमा २०८१ पुस ४ र ५ गते आयोजित उक्त कार्यक्रममा नेपाली कांग्रेसका उपसभापतिहरू पुर्ण बहादुर खड्का र धनराज गुरुङ, सह-महामन्त्रिहरू डिना उपाध्याय, भिष्म आङ्गदाम्मे र जिवन परीयार लगायत केन्द्रिय सदस्यहरू, संघीय सांसदहरू र नेपाल ट्रेड युनियन कांग्रेस राष्ट्रिय समितिका पदाधिकारीहरूको उपस्थिति रहेको थियो।

## शुभकामना!



**योगेन्द्र कुमार कुँवर**
**अध्यक्ष**
नेपाल ट्रेड युनियन कांग्रेस (NTUC)
एवं संयुक्त ट्रेड युनियन
समन्वय केन्द्र (JTUCC)

नेपालमा भएका मुख्यमुख्य राजनीतिक परिवर्तन सँगसँगै सामाजिक आन्दोलनमा पनि नेपाल ट्रेड युनियन काँग्रेसको अहम् भूमिका रहेको छ। कुनै पनि कामलाई मर्यादित बनाउन र श्रमिकलाई सम्मान दिलाउनको लागि नेपालमा ट्रेड युनियन मुभमेन्टहरू धेरै भएका छन्। यद्यपि व्यवस्थित प्रचार-प्रसारको अभावले हामीले प्राप्त गरेका उपलब्धिहरू ग्रामीण तहसम्म पुग्न सकेका छैनन्। नेपाल ट्रेड युनियन काँग्रेस प्रचारप्रसार विभागले प्रकाशनमा ल्याएको श्रमिक पोष्ट डिजिटल पत्रिकाले नेपालका ग्रामीण तहदेखि राष्ट्रिय अन्तर्राष्ट्रिय तहसम्म नेपाली ट्रेड युनियन मुभमेन्टलाई पुऱ्याउन सकोस्। साथसाथै वस्तुगत र तथ्यपरक सूचना र समाचार सम्प्रेषण गरी नेपाली ट्रेड युनियन आन्दोलनलाई समेत ऊर्जाशील बनाउन सफलता मिलोस्। हार्दिक शुभकामना व्यक्त गर्दछु।

## नेपाल ट्रेड युनियन कांग्रेसको प्रदेश परिषद् सम्पन्न

नेपाली कांग्रेसको महत्वपूर्ण सुभेच्छुक संस्था नेपाल ट्रेड युनियन कांग्रेसको प्रदेश समिति, जिल्ला समिति र आफ्नो आवद्ध संघहरूले सातौं महाधिवेशन पश्चात प्रथम परिषद सम्पन्न गरेका छन्।

नेपाल ट्रेड युनियन कांग्रेससँग ७ प्रदेश, ७७ जिल्ला र २७ वटा आवद्ध संघ रहेका छन्। जसमध्ये कोशी प्रदेश, मधेश प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशले विधिवत् रुपमा भव्यताका साथ विभिन्न मुद्दामा छलफल गर्दै परिषद सम्पन्न गरेका छन्। त्यसैगरी विभिन्न जिल्लाहरूले पनि परिषद सम्पन्न गरेको छ। हालसम्म ताप्लेजुङ, पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी, संखुवासभा, सोलुखुम्बु, ओखलढुंगा, रामेछाप, खोटाङ, तनहुँ, उदयपुर, लमजुङ, सप्तरी, सुनसरी, मकवानपुर, रामेछाप, कास्की, सिराहा, गोरखा, धनुषा, स्याङजा, महोत्तरी, सर्लाही, म्याग्दी, नवलपुर, पर्वत, बर्दिया, दाङ, रोल्पा, प्युठान, बारा, बागलुङ, बाँके, पर्सा, रौतहट, रसुवा, नुवाकोट, धादिङ, काठमाडौं, अर्घाखाँची, नवलपरासी, रुकुम पश्चिम, डडेलधुरा, बैतडी, सुर्खेत, कैलाली, दार्चुला, दैलेख, बझाङ, जाजरकोट, बाजुरा, जुम्ला, अछाम, मुगुले परिषद सम्पन्न गरेका छन्। त्यसैगरी नेपाल शिक्षक संघ, कारखाना श्रमिक संघ, वित्तीय संस्था कर्मचारी संघलगायत आवद्ध संघहरूले पनि परिषद सम्पन्न गरेका छन्।



## सम्पादकीय...

# श्रमिकहरूको हक र सम्मानको रक्षामा नेपाल ट्रेड युनियन कांग्रेसको संकल्प

नेपालको श्रमिक आन्दोलन र श्रमिक अधिकारको रक्षा गर्न नेपाल ट्रेड युनियन कांग्रेस (NTUC) ले लामो संघर्षको इतिहास बोकेको छ। हाम्रा श्रमिकहरूको आर्थिक, सामाजिक, र राजनैतिक हक अधिकारको लागि हामीले उठाएको आवाजले नेपालको श्रम बजारमा ठुलो रूपान्तरण भएको छ। यो बुलेटिनले हाम्रो संगठनको योगदान, उपलब्धि, र आगामी कार्य योजना समेट्दै श्रमिक आन्दोलनको मार्गदर्शकको रूपमा नेपाल ट्रेड युनियन कांग्रेस को भूमिकालाई उजागर गर्नेछ भन्ने हामिले अपेक्षा गरेका छौं।

नेपाल ट्रेड युनियन कांग्रेस को स्थापना श्रमिकहरूको मौलिक हक र अधिकारको रक्षा गर्न भएको हो। विगतमा गरेका संघर्षहरूले नेपालका श्रमिकहरूले आफ्नो न्यूनतम ज्याला, सुरक्षित कार्यस्थल, र मर्यादित जीवन जिउन पाउने अधिकार सुनिश्चित गर्न मद्दत पुऱ्याएको छ। नेपाल ट्रेड युनियन कांग्रेस को मुख्य प्राथमिकता अनौपचारिक क्षेत्रका श्रमिकहरूको हक अधिकार सुरक्षित गर्न पहल गर्नु हो। श्रमिकहरूको जीवनस्तर उकास्न अब जीवनयापन योग्य ज्यालाको अवधारणा स्थापित गर्न अति आवश्यक छ। नेपाल ट्रेड युनियन कांग्रेस ले यसमा आवश्यक कानूनी, नीतिगत, र संस्थागत सुधारको माग गर्दै नेपाल सरकार, उद्योग प्रतिष्ठान र श्रमिक प्रतिनिधिहरूबीचको त्रिपक्षीय साझेदारीलाई अझ सशक्त र प्रभावकारी बनाउन निरन्तर लागि परिरहनु पर्ने अवस्था छ। हामीले नीतिगत परिवर्तनका लागि मात्र होइन, श्रमिकहरूको व्यवहारिक सुधारका लागि पनि काम गरेका छौं। श्रमिकहरूको स्वास्थ्य, सुरक्षा, र सामाजिक सुरक्षा कोषको सुनिश्चितताका लागि गरेका प्रयासहरू अत्यन्तै महत्त्वपूर्ण र प्रभावकारी रहेका छन्। नेपाल ट्रेड युनियन काग्रेसले लामो संघर्श मार्फत सामाजिक सुरक्षा लागु गराउन सफल भएतापनी अनौपचारिक क्षेत्रमा लागु गर्न अझ धेरै काम गर्न बाँकी रहेको छ। तर पनि सरकारसँग लबिङ र पैरबिहरू जस्ता कामहरूले कार्यबिधिहरू बनाउने काम केही हदसम्म अघि बढिहेको अवस्था छ।

यो बुलेटिन नेपाल ट्रेड युनियन कांग्रेसको ऐतिहासिक योगदान, वर्तमानका चुनौतीहरू, र भविष्यका रणनीतिहरूलाई केन्द्रमा राखेर तयार पारिएको छ। हामीले यसलाई श्रमिक आन्दोलनको एउटा दस्तावेजका रूपमा प्रस्तुत गर्ने उद्देश्य राखेका छौं।

नेपाल ट्रेड युनियन कांग्रेस आफ्नो संघर्ष र प्रतिबद्धताको निरन्तरता कायम राख्दै श्रमिकहरूको उज्ज्वल भविष्य निर्माण गर्ने अभियानमा दृढ संकल्पका साथ अघि बढिरहने छ। श्रमिकहरूको अधिकार र सम्मानको यात्रामा अझ धेरै काम गर्न बाँकी छ। दृढ इच्छाशक्ति, स्पष्ट दृष्टिकोण, र सशक्त नेतृत्वका साथ हामी निरन्तर अगाडि बढ्न प्रतिबद्ध छौं।

# १३५औं अन्तर्राष्ट्रिय श्रमिक दिवस विभिन्न कार्यक्रम गरी सम्पन्न

१३५ औं अन्तर्राष्ट्रिय श्रमिक दिवस (May Day) भब्य रुपमा मनाउने सिलसिलामा NTUC का वरिष्ठ उपाध्यक्ष श्री तेजेन्द्रजंग कार्कीको संयोजकत्वमा NTUC केन्द्रीय समिति, प्रदेश समितिहरू, जिल्ला समितिहरू र आवद्ध संघका अध्यक्षहरू समेतको सहभागिता रहेको २०१ सदस्यीय अन्तर्राष्ट्रिय श्रमिक दिवस मूल तयारी समिति गठन गरिएको थियो। उक्त समितिले NTUC का सम्पूर्ण संरचनाहरूसँग समन्वय गरी Social Justice and Decent Work for All भन्ने नाराका साथ २०८१ वैशाख १९ गते श्रमिकहरूको उपस्थितिमा बृहत ऱ्यालीसहित श्रमिक सभा सम्पन्न भयो। JTUCC को आयोजनामा भएको उक्त सभामा JTUCC का अध्यक्ष एवम् NTUC का अध्यक्ष श्री योगेन्द्र कुमार कुंवरले आफ्नो धारणा राख्नु भएको थियो।

नेपाल ट्रेड युनियन काँग्रेस गण्डकी प्रदेश समितिले अन्तर र्ष्ट्रिय श्रमिक दिवस JTUCC को आयोजनामा मनाएको थियो। बाँकी ६ वटा प्रदेशले एकल रुपमा नै मनाएका थिए।





# आर्थिक मन्दी र युवा पलायन नै नेपाली श्रम बजारका प्रमुख चुनौती

नेपाली श्रम बजार, श्रमिक र नेपालको ट्रेड युनियन मुभमेन्टका सन्दर्भमा श्रमिक पोष्टका लागि नेपाल ट्रेड युनियन काँग्रेस (NTUC) एवं संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (JTUCC) का **अध्यक्ष योगेन्द्रकुमार कुँवरसँग गोपाल घिमिरे**ले गरेको कुराकानी ।

**अहिले नेपाली श्रम बजारको अवस्था कस्तो छ ? यहाँहरूले के गरिरहनुभएको छ ?**

आर्थिक मन्दी र श्रमिक पलायनको प्रत्यक्ष असर नेपाली श्रम बजारमा परेको छ । बेरोजगारी बढेर न्यून पारिश्रमिकमा काम गर्न श्रमिक बाध्य छन् । नेपाली श्रमबजार अहिले अलिकति शिथिल अवस्थामै छ, भन्नुपर्छ । हामीले पछिल्लो समयमा श्रम बजारलाई थप मर्यादित बनाउने र यसलाई सुदृढ गर्ने काम गरिरहेका छौं । श्रम बजारमा रहेका द्वन्द्वहरूलाई न्यूनीकरण गर्ने र श्रम बजारलाई थप उत्पादनमूलक एवं रोजगारमूलक बनाउने सन्दर्भमा हामीले धेरै कामहरू गरेका छौं ।

**धेरै काम गरेका छौं भन्नुभयो, कस्ता-कस्ता काम गरिरहनुभएको छ ?**

विशेष गरेर कानुन तथा नीति निर्माण तहमा हामीले काम गरेका छौं । श्रम आन्दोलनलाई व्यवस्थित गर्न धेरै पूर्वाधार संयन्त्रहरू तयार गरेका छौं । यद्यपि पछिल्लो चरणमा कोभिडपछि र अहिले आर्थिक मन्दीको कारणले गर्दा श्रम बजारमा धेरै खालका समस्याहरू देखिएका छन् । श्रम बजार अथवा हाम्रो कार्यक्षेत्र अझ थप अनौपचारिक बन्दै गएको छ । हाम्रो चाहना छ, श्रम बजार थप औपचारिक हुँदै जाओस् । श्रम बजारलाई थप औपचारिक बनाउन हामी प्रयत्नशील छौं । आआर्थिक मन्दीका कारण उद्योगधन्दा बन्द भइरहेका छन्, उद्योग व्यवसाय राम्ररी चल्न नसकेको हुँदा कन्ट्रयाक/करारमा काम लगाउने प्रवृत्ति बढेको छ, यसकारण हामीलाई चुनौति पनि थपिएका छन्, तथापि हामी ट्रेड युनियन आन्दोलनलाई संस्थागत गर्न जिम्मेवार ढङ्गले लागेका छौं ।

**ट्रेड युनियन आन्दोलन नेपालमा र अन्तर्राष्ट्रिय जगतमा कस्तो पाउनुहुन्छ ?**

अहिले ट्रेड युनियन आन्दोलनको कुरा गर्दा राष्ट्रिय अन्तर्राष्ट्रिय रुपमै कमजोर हुँदै गइरहेको छ, त्यसको असर प्रत्यक्ष रूपमा हाम्रो देश नेपालमा पनि परेको छ । धेरै ठाउँमा अहिले ट्रेड युनियन अधिकारमाथि, मानव अधिकारमाथि आक्रमण भइरहेको छ । अहिले सरकारहरू चरम दक्षिणपन्थी बन्दै गएका कारण ट्रेड युनियन आन्दोलन थप चुनौतीपूर्ण बन्दै गइरहेको छ भन्ने मलाई लाग्छ । बरू हाम्रो देशमा नीति निर्माण तहमा चाहिँ हामीले काम गरिरहेकै छौं ।

**यहाँको भनाइ अनुसार नै यसरी राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमै कमजोर बन्दै गएको ट्रेड युनियन मुभमेन्टलाई चाहिँ अब कसरी डोहोर्‍याउनुहुन्छ ? नेपालमा साँच्चै नै श्रमिकहरूको श्रमको सम्मान कसरी हुन्छ भन्ने लाग्छ त ?**

ट्रेड युनियन मुभमेन्टलाई राजनीतिक आँखाबाट हेर्ने गरिएको छ । यो चाहिँ राजनीतिक शक्ति हो, राजनीतिक विङ्स हो भन्ने हिसाबले पार्टीसँग जोडेर हेर्ने गरिएको छ । त्यसै हुनाले विभिन्न विचारमा विभिन्न सिद्धान्तमा हामी बाँडिएका छौं । तथापि हामीले हाम्रो एकमत बनाउनको लागि, एक स्वर बनाउनको लागि, पछिल्लो चरणमा एकीकृत आवाज बनाउनको लागि, कमन प्लेटफर्मको रुपमा संयुक्त ट्रेड युनियन समन्वय केन्द्र JTUCC स्थापना गरेका छौं । JTUCC मार्फत समग्र नेपालको ट्रेड युनियन आन्दोलनलाई सशक्त बनाउन खोजिएको हो, बार्गेनिङ क्षमता बढाउन खोजिएको हो, साथसाथै विविधतामा एकता गराउन पनि खोजिएको हो ।

अर्कोतिर ट्रेड युनियन कांग्रेसको कुरा गर्नुहुन्छ भने अहिले हामीले समग्र रुपमा आवाजविहीन श्रमिकहरू अझ त्यसमा पनि अनौपचारिक क्षेत्र त्यसमा पनि महिला श्रमिकहरूको आवाजलाई बढाउनको लागि हामी Organizing मा फोकस गरिरहेका छौं । श्रम बजारका प्रमुख मुद्दाहरू खासगरी जुन प्रभावका कुराहरू छन् : अपरेसन सेफ्टी एन्ड हेल्थका कुराहरू, लैंगिक हिंसाका विषयहरू, वैदेशिक रोजगारीले क्रिएट गरेका समस्याहरू, बेरोजगारीका विषयहरू, सामाजिक सुरक्षालगायतका क्षेत्रमा श्रमिकले भोग्नुपरेका पीडा र समस्यालाई सम्बोधन गर्न हामी प्रयत्नशील छौं ।

**नेपालको सन्दर्भमा यहाँहरूले गरेको पोजेटिभ पक्षको कुरा गर्दाखेरि नीति निर्माण तहमा धेरै उपलब्धि हासिल भएका छन् । जुन उपलब्धि हासिल गर्नुभयो कार्यान्वयनमा किन समस्या भयो ?**

यो जायज कुरा हो । कार्यान्वयनमा समस्या देखिएको हुँदा नै हामीले अत्यन्त कमजोर श्रमिकहरूको लागि चाहिँ एउटा संयन्त्र पनि बनाएका छौं । कार्यान्वयनको विषयमा मुख्य चुनौति भनेको एउटा सुशासनमा समस्या भएका कारणले गर्दाखेरि र अर्को श्रम प्रशासन अत्यन्त कमजोर भएका कारणले गर्दा त्यस्तै अस्थायी प्रवृत्तिको प्रकृतिको भएको कारणले गर्दाखेरि पनि हामीलाई समस्या भएको छ ।

अर्कोतिर चाहिँ श्रम मापदण्डहरू ऐन कानुनहरूको कार्यान्वयन गर्ने सन्दर्भमा चाहिँ समस्या के छ भने हामीसँग जुन रोजगारीको समस्या छ, बेरोजगारी दिन प्रतिदिन बढिरहेको छ, श्रमिकहरू बाध्यतावस मापदण्डभन्दा अत्यन्त न्यून पारिश्रमिकमा काम गर्न तयार भइरहेको अवस्थाहरू छन् । यस्ता कारणले गर्दा हामीलाई हाम्रा ऐनहरू कार्यान्वयन गर्न गराउन कठिन भइरहेको अवस्था छ । जबसम्म हामीले रोजगारीलाई सम्बोधन गर्न सक्दैनौं, बेरोजगारीलाई न्यूनीकरण गर्न सक्दैनौं, तबसम्म कार्यान्वयनको विषय चाहिँ चुनौतीपूर्ण नै रहन्छ भन्ने लाग्छ । त्यसो हुनाले हामीले पछिल्लो चरणमा चाहिँ रोजगारीको वृद्धि अथवा कसरी स्वरोजगारहरू स्थापना गर्न सक्छौं । कसरी भएको रोजगारीलाई प्रोटेक्सन गर्न सक्छौं र नयाँ रोजगारीका अवसरहरू सिर्जना गर्न सक्छौं भन्ने विषयमा पनि केन्द्रित छौं । पछिल्लो चरणमा हामीले सरकारलाई पनि भनिरहेका छौं । मुलुकमा रोजगारी वृद्धिको लागि सबै एकजुट भएर लाग्नुपर्ने अवस्था छ ।

**महिलाको र युवाको कुरा गर्दाखेरि युवा र महिला श्रमिकहरूलाई ट्रेड युनियनहरूले आकर्षण गर्न सकेको देखिएन नि ?**

यसको मुख्य कारण भनेकै पनि बेरोजगारी र न्यून पारिश्रमिक नै हो भन्ने लाग्छ । अहिले युवाहरूको ट्रेड युनियनप्रति भन्दा पनि देशमै नबस्नेतर्फ बढी ध्यान गइराखेको पङ्क्ति भेटिन्छ । यसको मुख्य करण भनेको नै बेरोजगारी र मापदण्डभन्दा कम पारिश्रमिक अनि कामको सम्मान हुन नसकेर नै हो । फेरि अर्को बुझाइ ट्रेड युनियन आन्दोलनलाई राजनीतिक आन्दोलनको आँखाले हेरिन्छ । हामीले पनि ट्रेड युनियन आन्दोलन प्रोफेसनल आन्दोलन हो, पेशागत आन्दोलन हो र हामी राजनीतिक पार्टीको अंश होइन है भन्ने कुरा हामीले बुझाउन सकिरहेका छैनौं ।

अर्को कुरा हिजो हाम्रो पुस्ताले एउटा समाज प्रतिको उत्तरदायित्व, एउटा परिवारप्रतिको उत्तरदायित्व राष्ट्रप्रतिको उत्तरदायित्व हामीले बोध गरेका थियौं । अहिलेको युवाहरूमा अलिकति कमी भइरहेको अनुभूत भएको छ । यसरी समाजप्रति, परिवारप्रति र राष्ट्रप्रतिको उत्तरदायित्व बोध गराउनुपर्ने हामीले नै हो । यहाँ हाम्रो पुस्ताकै कमजोरी देख्छु । यसलाई हामीले नै सच्याउनु पर्ने छ ।

त्यस्तै अर्को महिला र युवा सहभागिता बढाउन चाहिँ नेपाल ट्रेड युनियन कांग्रेसले निर्वाचन प्रणालीमै पनि व्यवस्था गरेको छ । निर्वाचित महिला र युवाको सहभागिता बढाउन छुट्टै संरचना बनाइएको छ । हामीले छुट्टै पोलिसी निर्माण गरेका छौं । त्यस्तै आगामी वर्ष युवा र महिलाहरूलाई बढीभन्दा बढी सहभागी गराउन हामीले युवा र महिलाहरूको छुट्टा-छुट्टै राष्ट्रिय सम्मेलन गरेर कहाँनिर ग्याप छ कहाँनिर समस्याहरू छन् त्यस्ता समस्या पहिल्याएर महिला र युवालाई समेट्ने अभियानमा जाँदै छौं ।

**अन्तमा नेपालमा कतै ट्रेड युनियन आन्दोलनका मुद्दाहरू घटेका त होइनन् ? के लाग्छ ?**

बिल्कुल होइन, झन् समस्याहरू बढ्न थालेको पाउँछु । अहिले सञ्चारको युग हो । सबै कुरा डिजिटलाइजेसन भएका छन् । यसका राम्रा पक्ष होलान् त्यस्तै समस्या पनि छन् । फेरि संसारको कुनै पनि देशमा पेसागत समस्या सकिएको छैन । धनी र गरिब बिचको खाडल त छ नि ! अनि ट्रेड युनियनका मुद्दा घट्छन् र ?

नेपालको सन्दर्भमा कुरा गर्दा खासगरी हिजोको दिनमा हाम्रो मजदुर आन्दोलनमा, ट्रेड युनियन आन्दोलनमा एउटा मिसन थियो। मिसन के थियो भने हामीसँग मानव अधिकारको अवस्था थिएन, लोकतन्त्र थिएन, हाम्रो बोल्ने स्वतन्त्रता थिएन । लोकतन्त्रको आगमनसँगै हाम्रो कानुनले यस्ता कुराको सुनिश्चित गर्‍यो । यद्यपि पेसागत मुद्दाहरू अनगिन्ती छन् । त्यसमा पनि मर्यादित श्रमका लागि जिम्मेवार ढङ्गले हामी अगाडि बढ्नु छ । अन्तमा सम्पूर्ण श्रमिकहरूलाई एक भएर मर्यादित श्रम र श्रमिकको सम्मानका लागि हातेमालो गर्न आह्वान समेत गर्दछु । ■

# बालश्रम विरुद्धको अन्तर्राष्ट्रिय दिवस सम्पन्न



नेपाल ट्रेड युनियन काँग्रेस श्रम सम्बन्ध विभागले २०८१ जेष्ठ २९ गते बालश्रम विरुद्ध विश्व दिवसको अवसरमा छलफल कार्यक्रमको आयोजना गर्‍यो । NTUC का पदाधिकारी तथा आवद्ध संघका प्रतिनिधिहरूको सहभागिता रहेको उक्त कार्यक्रममा ILO का राष्ट्रिय कार्यक्रम संयोजक श्री नारायण भट्टराईले बाल अधिकारको वर्तमान अवस्थाको बारेमा प्रस्तुतीकरण गर्नु भएको थियो ।

बाल श्रम दिवस (World Day Against Child Labour) हरेक वर्ष जुन १२ मा मनाइन्छ । यस दिवसले बाल श्रमको अन्त्य गर्ने विश्वव्यापी अभियानलाई सशक्त बनाउन काम गर्छ । बालबालिकालाई विद्यालयमा पठाउन, उनीहरूको उचित विकास सुनिश्चित गर्न र श्रमशोषणबाट बचाउनका लागि यो दिनलाई महत्वपूर्ण रुपमा हेरिएको छ ।

नेपालमा बाल श्रम एक गम्भीर समस्याको रुपमा रहेको छ । विशेषगरी विभिन्न अध्ययनहरू अनुसार ग्रामीण क्षेत्रमा कृषि, घरेलु काम, निर्माण र उद्योगहरूमा बालबालिकाहरूको श्रम व्यापक रुपमा प्रयोग भइरहेको पाइएको छ । नेपाल सरकारले बाल श्रम अन्त्यका लागि कानुनी प्रतिबन्ध लगाएको छ, जस्तै १६ वर्षमुनिका बालबालिकालाई खतरनाक काममा लगाउन निषेध गरिएको छ । विशेषगरी अनौपचारिक क्षेत्रहरूमा कानुनको प्रभावकारी कार्यान्वयन गर्नभने चुनौतीपूर्ण रहेको छ ।

नेपालमा बाल श्रम न्यूनीकरणका लागि शिक्षामा पहुँच वृद्धि, परिवारको आर्थिक स्थितिमा सुधार र कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ । विभिन्न गैरसरकारी संस्था र अन्तर्राष्ट्रिय संगठनहरूले बाल श्रमविरुद्ध अभियान सञ्चालन गर्दै आएका छन् । बाल श्रम अन्त्यका लागि जनचेतना, उचित नीति निर्माण र सामूहिक प्रयासको जरुरी रहेकोछ ।

# नेपाल सरकारले अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) महासन्धिहरू अनुमोदन गर्नका लागि अगाडि बढाएको प्रक्रिया



महेन्द्र प्रसाद यादव
सातौं महाधिवेशन अध्यक्षको प्रत्यासी

## भूमिका

नेपालले अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) का विभिन्न महासन्धिहरू अनुमोदन गर्ने प्रक्रियालाई अगाडि बढाउँदै गरेको छ। यो पहलले नेपाललाई श्रमिक अधिकारको संरक्षणमा मात्र नभई अन्तर्राष्ट्रिय श्रम मापदण्डहरूको पालनमा पनि महत्वपूर्ण योगदान पुऱ्याउनेछ। नेपालको परराष्ट्र मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले यस प्रक्रियालाई सहजीकरण गर्दै अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) सँग सहकार्य गरिरहेको छ।

परराष्ट्र मन्त्रालयले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) महासन्धिहरू ८७ र ८१ अनुमोदन गर्नका लागि आवश्यक कदम चाल्न अनुरोध गरेकोछ। महासन्धि नम्बर ८७ र ८१ लाई अनुमोदन गर्दा यसले विश्वसामु श्रमिक र रोजगारदाताहरूको आवाज छ र त्यसको प्रतिनिधित्व छ भन्ने सुनिश्चित गर्दै, श्रम बजार मात्र होइन, देशको समग्र शासन संरचनाको प्रभावकारी कार्यका लागि नेपाल समर्पित र प्रतिबद्ध रहेको सन्देश दिन्छ।

## नेपाल अतिकम विकसित देशहरूको श्रेणीबाट स्तरोन्नति

सन् २०२६ मा नेपालले अतिकम विकसित देशहरूको श्रेणीबाट स्तरोन्नति हुने सम्भावनालाई ध्यानमा राखेर हेर्दा यो झन् महत्वपूर्ण हुन्छ। हाल, नेपालले सबै अतिकम विकसित देशहरूलाई प्रदान गरिने युरोपेली सङ्घको जनरलाइज्ड स्कीम अफ प्रिफरेन्सेज (EU GSP), जसलाई "हातहतियारबाहेक सबैथोक" (EBA) भनिन्छ, उपयोग गर्दै आएको छ। अतिकम विकसित देशबाट स्तरोन्नति भइसकेपछि, नेपालले यो योजना प्रयोग गर्न पाउने छैन।

यी व्यापार सहुलियतहरूलाई जोगाइराख्न नेपालले युरोपेली सङ्घको जनरलाइज्ड स्कीम अफ प्रिफरेन्सेज प्लस (GSP++) का लागि आवेदन दिनुपर्नेहुन्छ। यसका लागि नेपालले मानवअधिकार, श्रम अधिकार, वातावरण र सुशासनसम्बन्धी २७ वटा अन्तर्राष्ट्रिय महासन्धिहरूको अनुमोदन गरी कार्यान्वयन गर्नुपर्ने लगायतका योग्यता मापदण्डहरू पूरा गर्न आवश्यक छ। हाल, यो सूचीमा अन्तर्राष्ट्रिय श्रम सङ्गठनका दशमध्ये, महासन्धि नम्बर ८७ सहित, आठवटा मूल महासन्धिहरू समावेश छन्। महासन्धि नम्बर ८७ र ८१ को अनुमोदन गर्नु जनरलाइज्ड स्कीम अफ प्रिफरेन्सेज प्लसका लागि योग्य हुने एउटा पूर्वशर्त हुनेछ र यसअन्तर्गत राष्ट्रिय कानून तथा अभ्यासहरूलाई यो अन्तर्राष्ट्रिय मापदण्डअनुरूप हुने गरी मिलाउनुपर्ने वा परिमार्जन गर्नुपर्ने हुन्छ।

## दिगो विकास लक्ष्यका परिलक्ष्यहरू हासिल गर्ने नेपालको प्रतिबद्धता

नेपालले आफ्ना प्रमुख नीतिगत दस्तावेजहरूमा दिगो विकास लक्ष्यहरूप्रतिको आफ्नो प्रतिबद्धतालाई जोड दिएको छ। महासन्धि नम्बर ८७ ले गरेका व्यवस्थालाई अनुमोदन र कार्यान्वयन गर्नाले दिगो विकास लक्ष्य ८ ( मर्यादित काम र आर्थिक बृद्धि), लक्ष्य १ (गरिबीको अन्त्य), लक्ष्य ३ (राम्रो स्वास्थ्य), लक्ष्य ५ (लैङ्गिक समानता), लक्ष्य ९ (उद्योग, नवप्रवर्तन र पूर्वाधार) र लक्ष्य १६ (शान्ति तथा न्याय) अन्तर्गतका परिलक्ष्यहरू हासिल गर्न योगदान गर्नेछ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) लाई पत्राचार गरेको थियो। महासन्धिहरू ८७ र ८१ लगायतका नेपालले अनुमोदन गर्नु पर्ने अन्य महासनिधहरूको पहिचान र अनुमोदन गर्दा नेपाललाई पर्ने आर्थिक भार र आवश्यक कानुनी संशोधनहरूको बारेमा विज्ञहरूवाट अध्ययनवाट प्राप्त अन्तर (ग्याप)को बिष्लेशन सहितको सुझाव प्राप्त गरिसकेकोछ।

## नेपालले अनुमोदन गरेका महासन्धिहरू र वर्त्तमान श्रम बजारको अवस्था

नेपालले जम्मा ११ महासन्धिहरू अनुमोदन गरेको छ, जसमा, १० वटा आधारभूत्त महासन्धिहरू मध्ये ७ वटा, ४ वटा सुशासन महासन्धिहरू मध्ये १ वटा र १७७ प्राविधिक महासन्धिहरू मध्ये ३ वटा मात्र अनुमोदन गरेको छ। नेपालले लगभग दुई दशक देखि अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) महासन्धिहरू अनुमोदन गर्ने प्रक्रियालाई अगाडी बढाएको छैन। नेपाल ट्रेड युनियन काँग्रेस, संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (JTUCC) र अन्य महासंघहरू एकमत भएर अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) महासन्धिहरू नंम्बर ८७ लगायत ८१, १०२, १२२, १५५, १७७, १८७, १८९, १९० र प्रोटकल २९ अनुमोदन गर्नका लागि निरन्तर पहल गर्दै आएका छन्।

नेपालमा ट्रेड युनियनहरूको विभिन्न तह र क्षेत्र ( निजामति सेवामा कार्यरत कर्मचारी र शिक्षकहरू) को संगठन दर्ता र रिन्यु र रोजगारदाताहरूको संगठन दर्ता र नविकरण लगायत अन्य गतिविधिहरूमा अन्तर्राष्ट्रिय श्रम संगठन (ILO)को संगठन स्वतन्त्रता र संगठन गर्ने अधिकारको संरक्षण महासन्धि नं. ८७ को मापदण्डसँग बाझिएको अवस्था रहेको छ। अर्को तिर विधामान श्रमसँग सम्बन्धित ऐनहरूको कार्यान्वयनमा पनि ठूलो समस्याहरू रहेका छन्।

नेपालमा ७७ वटा जिल्लाहरू छन् तर श्रम कार्यालयहरू जम्मा ११ वटा रहेका छन्। अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) अनुसार प्रत्येक १५,००० संख्याको बराबर १(एक) श्रम निरिक्षक हुनु पर्ने हो। तसर्थ, नेपालको श्रमिकको संख्याको आधारमा कम्तिमा १,१३३ वटा श्रम निरिक्षक हुनु पर्ने हो तर सबै श्रम कार्यालयहरूमा जम्मा ५० वटा भन्दा पनि कम श्रम निरिक्षकहरू मात्र रहेकोछ। सामाजिक सम्बादका संरचनाहरूको विकेन्द्रीयकरण अझै हुन सकेको छैन। अर्थात श्रम निरीक्षण प्रणाली निक्कै कमजोर अवस्थामा रहेकोछ। यस्तै मर्यादित रोजगारीको अभाव, स्वास्थ र सुरक्षाको समस्या, गृह श्रमिक, घरेलु श्रमिक, कार्यस्थलमा हिंसा र उत्पीडन र ठेकेदारी प्रथा लगायतका विषयहरूलाई तत्काल सम्बोधन गर्न अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) महासन्धिहरू अनुमोदन र मापदण्ड बमोजिमको ऐन कानुन निर्माण र परिमार्जन आवश्यक रहेको छ। ■

## सामाजिक सञ्जाल अभिमुखीकरण सम्पन्न



नेपाल ट्रेड युनियन कांग्रेस प्रचारप्रसार बिभागले एकदिने सामाजिक सञ्जाल अभिमुखिकरण कार्यक्रम सम्पन्न गरेको छ। नेपाल ट्रेड युनियन कांग्रेस राष्ट्रिय समितिका महिला उपाध्यक्ष तथा प्रचार प्रसार तथा प्रकाशन विभागका संयोजक राधिका कुईंकेलको अध्यक्षतामा सञ्चालन भएको सो कार्यक्रम नेपाल ट्रेड युनियन कांग्रेस एनटियुसीका केन्द्रीय सदस्य तथा प्रचारप्रसार बिभागका सचिव सुदिप बुढाथोकीले सञ्चालन गर्नुभएको थियो । अभिमुखीकरण कार्यक्रममा पत्रकार लक्ष्मण कार्कीले सहजीकरण गर्नुभएको थियो । यसको प्रमुख उद्देश्य डिजिटल हिंसालाई न्यूनीकरण गर्नु, संगठनलाई सामाजिक सन्जालमैत्री बनाउनु, श्रमिकलाई आफ्ना हक, अधिकारका बारेमा सुसुचित गराउनु रहेको थियो। त्यसैगरी, आइटीयुसी एनएसीले नेपालका प्रमुख तीन ट्रेड युनियन महासंघका प्रचार प्रसार विभागका पदाधिकारीहरूलाई तीन दिनको सञ्चार तथा सामाजिक सञ्जालसम्बन्धी तालिम दिएको थियो।

## जलवायु परिवर्तनले पारेको असरबारे अन्तरक्रिया कार्यक्रम सम्पन्न

मिति २०८१ वैशाख १६ गते OSH दिवसको अवसरमा जलवायू परिवर्तनले व्यवसायिक सूरक्षा र स्वास्थ्यमा परेको असर तथा राष्ट्रिय व्यवसायिक सूरक्षा र स्वास्थ्य नीति २०७६ को कार्यान्वयनको अवस्था बारे NTUC केन्द्रीय कार्यालयमा अन्तरक्रिया कार्यक्रमको आयोजना गरियो । कार्यक्रममा OSH विज्ञ श्री दिनेश प्रसाद साहले उपरोक्त विषयहरूबारे प्रस्तुतीकरण गर्नु भएको थियो ।

पेशागत स्वास्थ्य र सुरक्षा दिवस (World Day for Safety and Health at Work) हरेक वर्ष अप्रिल २८ मा मनाइन्छ । यस दिवसले कार्यस्थलमा सुरक्षित र स्वस्थ वातावरणको महत्वबारे जागरूकता फैलाउने उद्देश्य राख्छ । नेपालमा निर्माण, कृषि, खानी, उद्योग, र यातायातजस्ता जोखिमपूर्ण क्षेत्रमा पेशागत स्वास्थ्य र सुरक्षाको मुद्दा महत्वपूर्ण छ।

नेपालमा श्रम ऐन २०७४ ले कार्यस्थलमा स्वास्थ्य र सुरक्षासम्बन्धी कानुनी प्रावधान राखेको छ। यस अनुसार, कामदारलाई सुरक्षित वातावरण उपलब्ध गराउन जिम्मेवारी नियकाहरूले आवश्यक कदम चाल्नुपर्ने देखिन्छ। खतरनाक र जोखिमयुक्त काम गर्ने श्रमिकहरूको स्वास्थ्य परीक्षण अनिवार्य गरिएको छ । कानुनी प्रावधानहरू राम्रो भए पनि तिनको प्रभावकारी कार्यान्वयनमा समस्या देखिन्छ । धेरैजसो अनौपचारिक क्षेत्रका श्रमिकहरू यस्ता सुरक्षा लाभबाट वञ्चित छन्। धेरै साना उद्योगहरूमा सुरक्षा मापदण्डहरूको पालना गरिँदैन, जसले गर्दा श्रमिकहरू स्वास्थ्य जोखिममा पर्छन्।

नेपालका ट्रेड युनियनहरूले, कार्यस्थलमा स्वास्थ्य र सुरक्षाका लागि महत्वपूर्ण भूमिका खेलिरहेका छन् । यूनियनहरूले सरकारसँग मिलेर नीतिगत सुधारका लागि दबाब दिने, कामदारलाई जानकारी दिने, र सचेतना अभियान सञ्चालन गर्ने गरेका छन्।

आर्थिक अभाव, सूचना र प्रविधिको कमी जस्ता कारणले गर्दा स्वास्थ्य र सुरक्षाका मापदण्डहरू पालना गर्न चुनौती छ । त्यसैले आफ्ना संरचनाहरूमा प्रभावकारी निरीक्षण प्रणाली, श्रमिकहरूको प्रशिक्षण र सचेतनाको विस्तार अपरिहार्य देखिन्छ।

## जिल्ला कार्य समिति, बाराद्वारा श्रमिक र्‍याली सम्पन्न

नेपाल ट्रेड युनियन कांग्रेस, जिल्ला कार्यसमिति बाराले विभिन्न समयमा श्रमिकहरूको हक, हित, र न्यूनतम पारिश्रमिकको सुनिश्चितताको लागि निरन्तर क्रियाशील रहँदै आएको छ । संगठनले जिल्लाभरि विभिन्न समय र अवसरमा श्रमिकहरूको अधिकारको पक्षमा आवाज उठाउँदै र दबाबमूलक कार्यहरू गर्दै आफ्नो जिम्मेवारी निभाएको छ। अन्तर्राष्ट्रिय श्रमिक दिवस (१ मे) को अवसरमा १३५औं श्रमिक




दिवसको कार्यक्रममा २०८१ वैशाख १९ गते परवानीपुरमा एनटियुसीका राष्ट्रिय वरिष्ठ उपाध्यक्ष श्री तेजेन्द्रजंग कार्कीको प्रमुख आतिथ्यमा तथा एनटियुसी बाराका अध्यक्ष विश्वमणि शर्माको अध्यक्षतामा एक भव्य कार्यक्रम सम्पन्न गरियो। सो अवसरमा श्रमिकहरूको योगदान, अधिकार र चुनौतीबारे व्यापक छलफल गरेको छ।

## काठमाडौं जिल्ला समितिद्वारा पालिका समिति गठनका साथै परिषद् सम्पन्न




नेपाल ट्रेड युनियन काँग्रेस काठमाडौं जिल्ला समितिद्वारा ४१ औं वि.पी. स्मृती दिवसको अवसरमा चन्द्रागिरी नगरपालिकाका मेयर घनश्याम गिरी तथा NTUC का केन्द्रिय अध्यक्ष श्री योगेन्द्र कुमार कुँवरको उपस्थीतीमा चन्द्रागिरी नगरपालिका, थानकोटमा विचार गोष्ठिको आयोजना गर्नुको साथै नेपाल ट्रेड युनियन काँग्रेस चन्द्रागिरी नगर समिति पुनर्गठन तथा दक्षिणकाली नगर समिति गठनका साथै अधिवेशन सम्पन्न गऱ्यो । यसैवर्ष नेपाल ट्रेड युनियन काँग्रेस गोकर्णेश्वर नगरपालिका समिति गठन गरि तदर्थ समिति निर्माण गऱ्यो।

नेपाल ट्रेड युनियन काँग्रेस काठमाडौं जिल्ला समितिले काठमाडौंको सतुगंलमा स्थानीय निकायमा अन्तरक्रिया तथा काठमाडौं जिल्ला समितिले प्रकाशन गरेको टेलिफोन डायरी बागमती प्रदेश सांसद माननीय यमुना देवी श्रेष्ठ तथा NTUC का बरिष्ठ उपाध्यक्ष तेजेन्द्र जंग कार्कीको आतिथ्यतामा टेलिफोन डायरी विमोचन कार्यक्रम सम्पन्न भएको छ। त्यसैगरी नव वर्ष २०८१ सालको भित्ते पात्रो प्रकाशन गरि ०८१ बैशाख २ गते उक्त भित्तेपात्रो NTUC को सभाहलमा लोकार्पण गरिएको छ।




# लाईफ सपोर्ट सेमिनार सम्पन्न

NTUC र जापान अन्तर्राष्ट्रिय श्रम प्रतिष्ठान JILAF को संयुक्त आयोजनामा मोरङ्ग, बारा, पर्सा, भक्तपुर, नवलपरासी, कास्की, पाल्पा, रुपन्देही र कैलाली जिल्लाहरूमा सञ्चालित अनौपचारिक विद्यालयहरूका व्यवस्थापन समितिको बैठक र शिक्षक/सहायक शिक्षकहरूको पुनर्ताजगी तालिम मिति २०८१ वैशाख १३, १४ र १५ गते भक्तपुरको बोडेमा सम्पन्न भयो। जापान अन्तर्राष्ट्रिय श्रम प्रतिष्ठान (JILAF) को सहयोगमा Supporting Grass Root Activities (SGRA) परियोजना अन्तर्गत Central Advisory Committee (CAC) का लागि नेपाल उद्योग वाणिज्य महासंघ (FNCCI) र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट १/१ जनालाई सदस्यमा मनोनयन गरी CAC बैठक सम्पन्न गरियो। दीगो विकास लक्ष्य स्वेच्छिक राष्ट्रिय समीक्षा (SDGs Voluntary National Review) को सन्दर्भमा NTUC पदाधिकारी एवं आबद्ध संघका अध्यक्षहरूको सहभागितामो प्रगति समीक्षा बैठक सम्पन्न भयो।

NTUC र जापान अन्तर्राष्ट्रिय श्रम प्रतिष्ठान (JILAF) को संयुक्त आयोजनामा सञ्चालित Supporting Grass Root Activities (SGRA) परियोजना अन्तरगत परियोजना संचालनमा रहेका ७ वटा जिल्लाहरूमा Life Support Seminar कार्यक्रम संचालन गरिरहेकोमा हाल ललितपुरमा नेपाल ट्रेड युनियन काँग्रेस ललितपुरका जिल्ला अध्यक्ष श्री दुर्गा भण्डारीको अध्यक्षतामा, नेपाली काँग्रेस ललिपुरका सभापति श्री जितेन्द्र कुमार श्रेष्ठको प्रमुख आतिथ्यतामा, नेपाल ट्रेड युनियन काँग्रेसका अध्यक्ष श्री योगेन्द्र कुमार कुवँरको विशिष्ठ आतिथ्यतामा, नेपाल ट्रेड युनियन काँग्रेसका उप-महासचिव तथा JILAF का Focal Person श्री देब दत्त बडू, JILAF का नेपाल प्रतिनिधि श्री लक्ष्मण शाहीको आतिथ्यतामा ४० जना सहभागिहरूलाई एक दिने प्रशिक्षण कार्यक्रम सम्पन्न गरियो।

नेपाल ट्रेड युनियन काँग्रेस भक्तपुरका जिल्ला अध्यक्ष लक्ष्मीशोभा प्रजापतिको अध्यक्षतामा नेपाली काँग्रेसका केन्द्रिय सदस्य मदन कृष्ण श्रेष्ठको प्रमुख आतिथ्यतामा ४५ जना सहभागिहरूलाई एक दिने प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको छ।

# ट्रेड युनियन शिक्षा कार्यक्रम सम्पन्न

NTUC/FES सहयोग २०२४ अन्तर्गत नेपाल ट्रेड युनियन काँग्रेस प्रदेश/जिल्ला औद्योगिक करिडोर क्षेत्रमा चार वटा ट्रेड युनियन शिक्षा कार्यक्रम सम्पन्न भएका छन्। "बदलिदो परिवेशमा ट्रेड यद्रनियन शिक्षा" विषयमा दिइएको यी कार्यक्रमहरू मधेश प्रदेशको सिराहास्थित लहानमा मिति २०८१ वैशाख २६ र २७ गते, गण्डकी प्रदेशको नवलपुरमा मिति २०८१ जेष्ठ ८ र ९ गते र बागमती प्रदेशको मकवानपुर हेटौडामा मिति २०८१ साल जेष्ठ १५ र १६ गते सम्पन्न भएका हुन। बदलिदो परिवेशमा ट्रेड युनियन शिक्षा, श्रम कानुन, योगदानमा आधारित सामाजिक सुरक्षा, अन्तर्राष्ट्रिय श्रम मापदण्ड आदि विविध विषयहरू कार्यक्रमहरूमा केन्द्रित थिए। नेपालमा ट्रेड युनियनसंग आबद्ध नेपाल कारखाना श्रमिक संघका तत् क्षेत्रका प्रदेश एवं जिल्लाका औद्योगिक प्रतिष्ठानका नेतृत्व, प्रदेश एवं जिल्लाका नेतृत्व र स्थानीय तह नेतृत्व लक्षित अनौपचारिक क्षेत्रका श्रमिकहरू NTUC स्थानिय तहका नेतृत्वहरू करिब १७५ भन्दा बढि




श्रमिकहरू कार्यक्रमबाट लाभान्वित भएका थिए। शिक्षा कार्यक्रमबाट लक्षित श्रमिक वर्गमा एक किसिमको तरङ्गता उत्पन्न ल्याएको र मुख्य रुपमा उदयपुर सिमेन्ट कारखाना र हेटौडा सिमेन्टमा एवं CG Group नवलपुरको चौधरी ग्रुप एवं बर्दियाको बाँसगढीमा रहेको प्रतिष्ठानहरूको समस्याहरू साझा गरिएको थियो। कार्यक्रममा श्रम ऐन र योगदानमा आधारित सामाजिक सुरक्षा कानुनमा आएको सिथिलता एवं यसको उपायहरू एवं समय सापेक्ष सुधारका कुराहरूमा घनिभुत रुपमा छलफल गरिएको थियो।

# अन्तर्राष्ट्रिय श्रम संगठनमा मनोनयन

सन् २०२४ को वर्षमा नेपाल ट्रेड युनियन कांग्रेस राष्ट्रिय समितीका पदाधिकारीहरु बिभिन्न अन्तर्राष्ट्रिय ट्रेड युनियन महासंघमा प्रतिनिधित्व गर्न सफल हुनु भएको छ। नेपाल ट्रेड युनियन कांग्रेस राष्ट्रिय समितीका अध्यक्ष योगेन्द्र कुमार कुंवर अन्तर्राष्ट्रिय श्रमिक संघठनको गभर्निङ्ग वडीमा वैकल्पिक सदस्यमा मनोनित हुनु भयो। २०२४ जुन ३ देखी १४ सम्म भएको जेनेभामा सम्पन्न ११२ औं सम्मेलनबाट अध्यक्ष कुंवर तीन वर्षको लागी मनोनित हुनु भएको छ। यो मनोनयन हाम्रो लागी महत्वपुर्ण अवसर भएकोले नेपाल ट्रेड युनियन कांग्रेस राष्ट्रिय समितीको तर्फबाट वधाइ तथा शुभकामना कार्यक्रम गरीएको थियो भने वरिष्ठ उपाध्यक्ष तेजेन्द्र जंग कार्कीले संयोजन गर्नु भएको थियो। अन्तर्राष्ट्रिय ट्रेड युनियन महासंघ एसिया प्रशान्त क्षेत्र ITUC-AP को सम्मेलनबाट नेपाल ट्रेड युनियन कांग्रेस राष्ट्रिय समितीका महिला उपाध्यक्ष राधिका कुईंकेल खनाल टुटलर मेम्बरमा मनोनित हुनु भएकोछ। २०२४ को ३-६ अक्टोबरसम्म थाइल्यान्डमा सम्पन्न सम्मेलनले नेपालको प्रतिनिधित्व गराउँदै आवद्द संघहरुको तर्फबाट खनाललाई मनोनित गरीएको हो। ITUC-AP को नेपालको आवद्द महासंघ जिफन्ट , अन्टुफ र NTUC को प्रत्यक एक एक वर्षमा महिला उपाध्यक्षहरु पालै पालो प्रतिनिधित्व गर्ने अवसर प्राप्त भएकोछ। २०२४ मा NTUC , २०२५ मा जिफन्ट, २०२६ मा अन्टुफले प्रतिनिधित्व गर्छ भने २०२७ मा फेरी NTUC को पालो आउनेछ।

इन्टरनेशनल ट्रान्सपोर्ट वर्कस फेडेरेशन ४६ औं वर्ल्ड कांग्रेसको इलेक्टोरल बैठकले नेपाल ट्रेड युनियन कांग्रेस राष्ट्रिय समितीका महासचिव अजय कुमार राई विश्व कार्य समिति सदस्य पदमा पुनः निर्वाचित हुनु भएकोछ। अक्टोबर १३ बाट शुरु भएको ईन्टरनेशनल ट्रान्सपोर्ट वर्कर्स फेडेरेशन बेलायतको बैठकले राईलाई आगामी पाँच वर्ष अर्थात् सन २०२९ सम्मका लागि निर्वाचित गरेको हो। विश्व स्तरमा यातायाततर्फको ट्रेड युनियन क्षेत्रमा क्रियाशील १२८ वर्ष पुरानो उक्त संस्थाले राईलाई पुनः निर्वाचित गरेको हो।

# लैङ्गिक समानता र सशक्तिकरणका लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न

मिति २०८१ भाद्र १९ गते ILO का प्रतिनीधिहरू र NTUC का अध्यक्ष लगायतका पादधिकारीहरूसँग ILO सँगको आगामी परियोजनाका बारेमा छलफल कार्यक्रम सम्पन्न यरियो।

नेपाल ट्रेड युनियन काग्रेसलाइ बिगत लामो समयदेखि अन्तर्राष्ट्रिय श्रम संगठन आइएलओबाट आर्थिक लगायत महत्वपुर्ण सहयोग प्राप्त हुँदै आइरहेको कुरा सबैमा सर्बबिदितै छ। सामाजिक सुरक्षा, श्रम ऐन जस्ता कानुनहरू श्रमिकको पक्षमा बनाउन, बनेका कानुनहरू कार्यान्वयन गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम सम्बन्ध कायम गर्न सहयोग गर्दै आएको यस संगठनले यस वर्ष पनि विविध विषयमा काम गर्न नेपाल ट्रेड युनियन काग्रेसलाइ सहयोग प्रदान गरेको छ। २०८१ असोज ८, ९ र १० मा काठमाडौंमा सशक्त महिला समृद्ध नेपाल भन्ने परियोजना अन्तरगतबाट सुदुरपश्चिम र कर्णालि प्रदेशबाट विभिन्न तह र तप्कामा काम



गर्ने जिल्लास्तरिय महिलाहरूलाइ लक्षित गरि तालिम कार्यक्रम संचालन गरिएको छ। नेपाल ट्रेड युनियन काँग्रेसका अध्यक्ष योगेन्द्र कुमार कुंवरको अध्यक्षतामा र आइएलओको प्रतिनिधिको उपस्थितमा भएको उक्त कार्यक्रमको संयोजन कोषाध्यक्ष संजय दाहालले गर्नुभएको थियो। कार्यक्रममा महिला उपाध्यक्ष राधिका कुइँकेल खनाल, महासचिव अजय कुमार राई, उपमहासचिव शुसिला घिमिरे, महिला समिति अध्यक्ष प्रमिला ढुंगाना लगायतको उपस्थिति रहेको थियो। नेपालमा लैङ्गिक समानता र महिला तथा बालबालिकाको सशक्तिकरण अभिवृद्धि गर्ने, एक समृद्ध तथा विकसित नेपाल भन्ने राष्ट्रिय संकल्प साकार पार्ने समग्र उद्देश्य पुरा गर्ने लक्ष्य लिएको छ।

## बालश्रम उन्मुलन सम्बन्धी कार्यशाला सम्पन्न

नेपाल ट्रेड युनियन काँग्रेस बाजुराले यही मिति २०८१/१/१६ का दिन बाजुरा जिल्लाको स्वामीकार्तिक खापर गाउँपालिका सभाहलमा दिगो विकासका लक्ष्य र हाम्रो सरोकार विषयक कार्यशाला गोष्ठी आयोजना गरि बालश्रम उन्मुलन सम्बन्धी कार्यविधि माथि छलफल गर्नुका साथै नेपाल ट्रेड युनियन काँग्रेसले तयार पारेको बालश्रम उन्मुलन सम्बन्धी कार्यविधिको Handsout हिमाली र स्वामीकार्तिक खापर गाउँपालिकाका अध्यक्षद्वय गोबिन्द बहादुर मल्ल र भरतबहादुर रोकायालाई हस्तान्तरण गरेको थियो। कार्यक्रममा अध्यक्ष चक्र थापा, प्रमुख अतिथि नेपाली काँग्रेस बाजुराका सभापति रामसिंह रावल, विशिष्ट अतिथि पूर्व भूमिसुधार सहायक मन्त्री जनकराज गिरी, विशिष्ट अतिथि हिमाली र स्वामीकार्तिक खापर गाउँपालिकाका अध्यक्षद्वय गोबिन्द बहादुर मल्ल र भरतबहादुर रोकाया लगायत ५७ जनाको उपस्थिति रहेको थियो।

## कोशी प्रदेशमा पालिका समितिको अधिवेशन सम्पन्न




२०८१ सालको जेठ १९ गते खोटाङ जिल्लाको हलेसी तुवाचुङ नगरपालिका स्थित हलेसी बजारमा प्रदेश समितिको पूर्ण बैठक सम्पन्न भएको छ। यस अघि २०८१ सालको १ महिना ८ गतेका दिन नेपाल ट्रेड युनियन कांग्रेस विराटनगर महानगर समितिको अधिवेशन सम्पन्न भएको थियो। यस अधिवेशनमा जिल्ला समिति मोरङको पूर्ण सक्रियता र सहयोगमा प्रदेश समितिको उपस्थितिमा सफलतापूर्वक कार्यक्रम सम्पन्न भएको थियो। त्यसपछि, २०८१ सालको ३ महिना ७ गते नेपाल ट्रेड युनियन कांग्रेस कटाहरी गाउँपालिका समितिको अधिवेशन पनि सम्पन्न गरियो। यस अधिवेशनमा पनि जिल्ला समिति मोरङको सहयोग र प्रदेश समितिको उपस्थितिमा कार्यक्रम सफल भएको थियो। नेपाल ट्रेड युनियन कांग्रेस कोशी प्रदेशले १३५औं विश्व मजदुर दिवसको अवसरमा मोरङको विराटनगर र झापाको बिर्तामोडमा भव्य र्याली तथा श्रमिक सभा आयोजना गर्‍यो। विराटनगरमा संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियुसिसी) द्वारा आयोजित एक दिने अन्तरक्रिया कार्यक्रममा मोरङ-सुनसरी औद्योगिक करिडोरका श्रमिकका समस्याबारे चर्चा गरिएको थियो। यस कार्यक्रममा जेटियुसिसीका अध्यक्ष र १० वटै महासङ्घका राष्ट्रिय अध्यक्षहरूको उपस्थिति थियो। जिल्ला कार्यक्रम अन्तर्गत मोरङ जिल्लाको विराटनगरमा २०८० सालको ८ महिना ५ गतेदेखि ११ महिना ४ गतेसम्म नेपाल ट्रेड युनियन कांग्रेस मोरङ जिल्लाको सक्रियतामा ३ महिने बेसिक सिलाई बुनाई तालिम सञ्चालन गरिएको थियो। यस तालिमबाट १०० जना विशेषगरी महिला श्रमिकहरू लाभान्वित भएका छन्। साथै कोशी प्रदेशमा प्रदेशमा प्रथम प्रदेशस्तरीय परिषद् पनि सम्पन्न भएको छ



# लुम्बिनी प्रदेशमा प्रशिक्षण कार्यक्रम सम्पन्न

नेपाल ट्रेड युनियन कांग्रेस रुपन्देहीद्वारा आबद्ध सङ्घका प्रतिनिधिहरूलाई संगठनमा सुदृढीकरण एवं विस्तारका लागि एकदिवसीय प्रशिक्षण कार्यक्रमको आयोजना गरिएको थियो । जसमा नेपाली कांग्रेस रुपन्देही जिल्ला सभापति एवं तिलोतमा नगरपालिकाका नगरप्रमुख रामकृष्ण खाँडको प्रमुख आतिथ्य रहेको थियो भने नेपाल ट्रेड युनियन कांग्रेस केन्द्रीय समितिका अध्यक्ष योगेन्द्र कुँवर, नेपाल ट्रेड युनियन कांग्रेस केन्द्रीय समितिका उपाध्यक्ष गणेश केसी, प्रदेश अध्यक्ष नेपाल ट्रेड युनियन कँाग्रेस लुम्बिनी प्रदेश अध्यक्ष काजीमान श्रेष्ठको विशिष्ट आतिथ्यतामा कार्यक्रमको सम्पन्न भएको थियो ।

सोही अवसरमा जिल्ला समिति रुपन्देहीद्वारा प्रकाशित २०८१ सालको क्यालेन्डरसमेत विमोचन गरिएको छ ।

अन्तर्राष्ट्रिय मजदुर दिवसको अवसरमा नेपाल ट्रेड युनियन कांग्रेस रुपन्देहीद्वारा सप्ताहव्यापी रुपमा विभिन्न कार्यक्रमहरू आयोजना गरिएको थियो । जस अन्तर्गतका प्रमुख कार्यक्रमहरू मिति २०८१ साल जेष्ठ १९ गतेका दिन लुम्बिनी प्रदेश सभा सदस्य माननीय इस्तियाक अलिको प्रमुख अतिथिमा तथा नेपाल ट्रेड युनियन कांग्रेस केन्द्रीय कार्यसमिति पूर्व अध्यक्ष खिलनाथ दाहालको विशिष्ट आतिथ्यतामा रुपन्देही पार्टी सभापति रामकृष्ण खाँड नेपाल ट्रेड युनियन कांग्रेस लुम्बिनी प्रदेशका अध्यक्ष काजीमान श्रेष्ठ, रुपन्देही क्षेत्र नम्बर २ का सभापति प्रजापाल गिरी, बुटवल उपमहानगरपालिकाका सभापति खेलराज पाण्डे लगायतको उपस्थितिमा नेपाल ट्रेड युनियन कांग्रेस रुपन्देहीको प्रभात फेरि र सभाका आयोजना गरिएको थियो भने मिति २०८१ साल वैशाख २२ गते नेपाल ट्रेड युनियन कांग्रेस रुपन्देहीद्वारा रक्तदान कार्यक्रम आयोजना गरिएको थियो ।

# मधेश प्रदेशमा सामाजिक सुरक्षा कार्यालयको स्थापना

मधेश प्रदेशको धनुषा, महोत्तरी र सर्लाही जिल्लाको ४३ औ पालिकामा सामाजिक सुरक्षा कोषमा पंजीकरण सम्बन्धी २ दिने कार्यक्रममा सहभागि भई लगभग ५७ पालिकाको प्रमुख, उप प्रमुख र प्रमुख प्रशासकीय अधिकृतहरूसँग छलफल गरी सम्झौता गर्न लगाइयो । मधेश प्रदेशको राजधानी जनकपुरधाममा सामाजिक सुरक्षा कार्यालयको स्थापना गराइयो । मधेश प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयको पहलमा श्रमिकहरूको कानुन बनाउन पहल गरियो । मिति २०८० साल चैत्र ७ गते मधेश प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालय र संयुक्त ट्रेड यूनियनको पहलमा अगामी आ.व.को नीति तथा कार्यक्रम सम्बन्धी छलफल गरियो । मिति २०८० साल चैत्र ११ गते मधेश प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयको पहलमा महोत्तरी जिल्लाको मटिहानी नगरपालिका वडा नं. ६ स्थित आगलागीमा परेका घरपरिवारका विद्यार्थीहरूलाई झोला तथा स्टेशनरी सामग्री वितरण गरियो ।




मे १ श्रमिक दिवसको उपलक्ष्यमा प्रदेशको बारा र पर्सा जिल्लाको करिडोर क्षेत्रमा र जनकपुरधाममा र्‍याली निकाली विभिन्न कार्यक्रमहरू मनाइयो । श्रमिक मेलामा सामाजिक सुरक्षा कोषमा आबद्धताको विषयमा बहस गरियो । आ.ब. २०८१/०८२ को लागि मधेश प्रदेशको बजेट नीति तथा कार्यक्रममा श्रमिकहरूको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम राख्न लगाइयो । यस प्रदेशको राजधानी जनकपुरमा श्रमिकहरूको लागि विश्राम भवन निर्माण गर्न प्रदेश सरकारले बजेट विनियोजित गर्नमा सफलता भयो । साथसाथै मधेश प्रदेशमा प्रदेशस्तरीय परिषद् सम्पन्न भएको छ ।

# गण्डकी प्रदेश श्रमिक र्‍याली तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न




नेपाल ट्रेड यूनियन कांग्रेस गण्डकी प्रदेशले १३५ औं अन्तर्राट्रिय श्रमिक दिवस विविध कार्यक्रम गरि मनाएको छ । यूनियनका राष्ट्रिय समिति उपाध्यक्ष श्री राधिका कूंइकेलको समूपस्थिति तथा प्रमूख आतिथ्यतामा बैशाख १८ गते यूनियन सभाहलमा "सबैका लागि सामाजिक न्याय र मर्यादित रोजगारी" बिषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा प्रमूख अथिती राधिका कूंइकेलले ट्रेड यूनियन कांग्रेस लोकतान्त्रिक बिचारलाई आत्मसाथ गर्दै श्रमिक एवं ट्रेड यूनियन अधिकार र श्रमजिबिको जीबनस्तर माथि उठाउन लागी परेको कुरा उल्लेख गर्नुभयो । श्रम ऐन र सामाजिक सूरक्षा ऐन २०७४ ल्याउन ट्रेड यूनियनहरूको भूमिका महत्वपूर्ण रहेको तर अझै पनि सबै श्रमिकका लागी सामाजिक सूरक्षा, स्वदेशमा नै मर्यादित रोजगारी, सामाजिक संवाद, कार्यस्थलमा हुने सबै विभेद अन्त्य, श्रमिकको पञ्जिकरण नभइ न्यायोचित रुपान्तरण हुन नसकेको र वैदेशिक रोजगार क्षेत्र व्यवस्थित तथा सुरक्षित बन्न नसकेको कारण ऐन कानुनहरूको प्रभाकारी कार्यान्वयन हुन नसक्ने भएकोले सोको लागी अझ दरिलो संगठन निर्माण गरी अगाडि बढ्नु पर्ने विचार व्यक्त गर्नुभयो । गण्डकी प्रदेशमा जेटियुसीसीद्वारा श्रमिक र्‍याली गरी अन्तर्राष्ट्रिय मे डे मनाइएको थियो । साथसाथै गण्डकी प्रदेशमा प्रदेशस्तरीय परिषद् सम्पन्न भएको छ ।

# नेपाल कारखाना श्रमिक संघको महिला भेला सम्पन्न



नेपाल ट्रेड युनियन कांग्रेससँग आवद्ध नेपाल कारखाना श्रमिक संघको पहिलो महिला सम्मेलन नवलपर ासीमा सम्पन्न भएको छ। विभिन्न उद्योग कल कारखानामा कार्यरत मजदुरहरू संगठित नेपालको ट्रेड युनियन आन्दोलनमा अत्यन्तै सकृय भूमिका निर्वाह गरेको यो संस्थामा ९० भन्दा बढी प्रतिष्ठान छन ।नेपालभरीबाट करीब २०० भन्दा बढी महिलाहरूको उपस्थितिमा भएको यस महिला सम्मेलनबाट महिला समिति चयन गर्नुको साथै महिला निती पास गरिएको छ। सम्मेलनको सभापतित्व कारखाना श्रमिक संघकी उपाध्यक्ष सबिता रेग्मी ले गर्नु भएको थियो भने, प्रमुख अतिथीको भूमिकामा नेपाली कांग्रेस नपलपरसिका सभापति महेन्द्र धोज जिसी हुनु हुन्थ्यो ।बिशेष अतिथीहरू नेपाल ट्रेड युनियन कांग्रेसकी उपाध्यक्ष राधिका कुइकेल खनाल, उप महासचिब शुसिला घिमिरे,सदस्य सिता शर्मा ढकाल, घनश्याम चापागाइं, चितवन जिल्ला अध्यक्ष हरिहर सापकोटा नवलपुर जिल्ला अध्यक्ष गंगाधर सुबेदी, कारखाना श्रमिक संघको अध्यक्ष अमृत लाल जोशी हुनु हुन्थ्यो । कार्यक्रममा बोल्ने सबै वक्ताहरूले हाल राज्य देखी पार्टी समेतबाट श्रमिकलाई हेर्ने दृष्टिकोण साकरात्मक नभएको पारीपेक्षमा श्रमिक संघठनहरूलाई आफ्ना गतीबिधिहरू अगाडि बढाउन निकै कठिन भएकोले महिलाहरूलाई संघठित गर्न झनै अप्ठेरो परेको उल्लेख गर्नु भएको थियो । नेपाल ट्रेड युनियन कांग्रेसकी उपाध्यक्ष राधिका कुइकेल खनालले केन्द्र देखि जिल्लासम्म सबै तहमा महिला सदस्य बृदिको लागि आफु लागिपरेकोले महिलाका मुद्दामा सबै एक जुट भएर अगाडि बढ्नु पर्ने बताउँदै आफ्ना संरचनामा कसरी संघठन सुधार गर्ने भनेर राष्ट्रिय समिती काम गरिरहेकोले श्रमिक साथीहरू बिचलित नभैकन आ-आफ्नो जिम्मेवारी निर्बाह गर्न आग्रह गर्नु भएको थियो। कार्यक्रमको दोस्रो सत्रमा कुइकेल खनालले लैङ्कि समानताको लागि आइ एल ओ अभिसन्धि १९० को महत्वको बारे प्रशिक्षण दिनु भएको थियो।

नेपाल कारखाना श्रमिक संघ नेपाल ट्रेड युनियन कांग्रेस सिजी फुट बर्दिया जिल्लाको आयोजना र युवा सञ्जाल बाँसगाडीको आयोजना मा दुवै कार्यक्रम भव्य र सभ्यताका साथ सम्पन्न भएको छ।

नेपाल कारखाना श्रमिक संघले बिरगंजमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अजय कुमार चौरासियालाई भेटी श्रम सम्बन्धी कानुन संशोधन गर्न माग गरेका छन्।



# निशुल्क आँखा शिविर सम्पन्न

नेपाल ट्रेड युनियन काँग्रेस जिल्ला समिति बागलुङको सातौं जिल्ला अधिबेशन पश्चात नवनिर्वाचित जिल्ला समितिले नेपाल ट्रेड युनियन काँग्रेस बागलुङमा आफ्नो संस्थागत छविलाई कायम राख्दै अझ वृहत्तर विकासका लागि विविध कार्यहरू सम्पन्न गरेको छ।

१३५ औं अन्तर्राष्ट्रिय मजदुर दिवशका अवसरमा स्व. दुर्गादत्त आचार्य स्मृति अक्षयकोषबाट ३ ओटा सामुदायिक विद्यालयका १० जना विद्यार्थीहरूलाई (वार्षिक रुपमा पुग्नेगरी) शैक्षिक सामाग्रीहरू वितरण गरेको छ।

त्यसैगरी सोही अवसरमा श्री कालिका कन्या मन्दिर मा.वि. का २११ जना विद्यार्थी र निजका अभिभावकहरूको निशुल्क आँखा जाँच परीक्षण, औषधी र चश्मा वितरण गरेको छ।

# नेपाल निर्माण तथा सम्बद्ध श्रमिक संघद्वारा कल्याणकारी कोष स्थापना

नेपाल निर्माण तथा सम्बद्ध श्रमिक संघले २६ औं स्थापना दिवसको अवसरमा निर्माण क्षेत्रमा कार्यरत श्रमिकको सहयोगका लागि श्रमिक कल्याणकारी कोषको शुभारम्भ गरेको थियो। कल्याणकारी कोषले निर्माण क्षेत्रमा कार्यरत श्रमिकलाई विपदका बेलामा सहयोग गर्ने लक्ष लिएको छ। कोषको शुभारम्भ गरिएसँगै दुर्घटनामा परेका तथा अस्पतालमा भर्ना भएका श्रमिकले अब कोष मार्फत सहयोग पाउने छन्। श्रमिक कल्याणकारी कोषले बिरामीको प्रकृति हेरेर कोष मार्फत श्रमिकलाई सहयोग गर्ने छ। सामान्य दुर्घटनामा परेका बिरामीहरूलाई रु पाचँ देखि १० हजारसम्म, दुर्घटनामा अङ्गभङ्ग भएका बिरामीलाई रु १० देखि २५ हजार सम्म, श्रमिकको मुत्यु भएमा उस्को परिवारलाई किरिया खर्च स्वरुप रु २५ हजार सम्म उपलब्ध गराइने साथै कोषमा आबद्ध हुनका लागि प्रत्येक श्रमिकले सुरुमा दर्ता स्वरुप रु. तीन सय तिनुपर्ने र संघको नविकरण गरेको हुनु पर्ने छ।



नेपाल निर्माण तथा सम्बद्ध श्रमिक संघ (CAWUN) र इनोभा अस्पताल बिच स्वास्थ्य उपचार शुल्क सम्बन्धी दुईपक्षीय सम्झौता कार्यक्रम मिति २०८०/१०/३ गते सम्पन्न भयो उक्त सम्झौतामा इनोभा अस्पतालमा उपचार गर्न जाने नेपाल निर्माण तथा सम्बद्ध श्रमिक संघ का श्रमिक सदस्य र संघमा आबद्ध श्रमिक परिवारका सदस्यलाई ४० प्रतिशत सहुलियत दिईने सम्झौतामा उल्लेख छ।

# स्थानीय तह कर्मचारी युनियन, नेपालका नयाँ आयामहरू



पूर्वीय सभ्यताको आदि देश नेपाल वि.सं. २०७२ मा नागरिकको वलिदानबाट प्राप्त संविधानअनुसार संघीय लोकतान्त्रिक गणतन्त्रका रुपमा स्थापित भइसकेको छ । नेपालको संविधान २०७२ अनुसार देशमा संघ, प्रदेश र स्थानीय गरी तीन तहका सरकार क्रियाशील रहेका छन् । स्थानीय तह कर्मचारी युनियन, नेपाल स्थानीय सरकारमा कार्यरत लोकतन्त्रमा आस्थावान कर्मचारीहरूको एक मात्र राष्ट्रिय सङ्गठन हो । देशमा सङ्घीयता कार्यान्वयनमा आउनासाथ वि.सं. २०७५ सालमा स्थापित यस संङ्गठनले वि.सं. २०७९ चैत्र १७ गते प्रथम महाधिवेशन सम्पन्न गरिसकेको छ । एकात्मक शासन व्यवस्था रहेको देश सङ्घीयतामा प्रवेश गर्दा व्यवस्थापकीय उल्झनहरू हुनु स्वाभाविक नै मान्न सकिन्छ ।

त्यस्तै उल्झनमा स्थानीय तह कर्मचारी युनियन, नेपाल पनि पर्ने नै भयो । एकातिर स्थानीय सरकार सञ्चालनमा जनप्रतिनिधि नै नयाँ हुनु अर्कातिर एकात्मक शासन व्यवस्थाको मानसिकता रहेका र त्यसैमा अभ्यस्त निजामती कर्मचारी प्रशासनका कारण स्थानीय तहमा अनगिन्ती समस्याहरू रहेका छन् । समायोजन भएर आएका कर्मचारीहरू नै म स्थानीय कर्मचारी हुँ या सङ्घीय हुँ भन्ने दोधारमा रहेका छन् । उनीहरूको एकात्मक मनोविज्ञानले स्थानीय कर्मचारी हुन मन छैन, देशको संविधानले स्थानीय कर्मचारी हुन पुगेको अवस्था छ ।

साविक स्थानीय कर्मचारीहरूलाई सरकारले नै अन्य कर्मचारीको दर्जामा राखेर चरम विभेद गरेको छ । त्यसकारण पनि स्थानीय तहमा युनियन अपरिहार्य रहेको छ । यद्यपि सङ्गठन गर्न भने स्थानीय तहमा कठिन पनि त्यत्तिकै छ । यिनै र यस्तै कठिनाइका बाबजुद पनि स्थानीय तह कर्मचारी युनियन, नेपाल आफ्नो सङ्गठन मजबुतीकरण र समानताका लागि निरन्तर क्रियाशील रहेको छ । भर्खरै मात्र पनि स्थानीय तह कर्मचारी युनियन, नेपालको नेतृत्वमा स्थानीय तहमा क्रियाशील पेसागत युनियनहरूको संयुक्त आयोजनामा कोसी प्रदेशको केन्द्र विराटनगरमा मिति २०८१ असोज ५ गते कोसी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन - २०८० र त्यसको प्रभाव सम्बन्धमा बृहत् समीक्षात्मक गोष्ठी सम्पन्न भएको थियो । यसरी पेसागत मुद्दामा स्थानीय तह कर्मचारी युनियन नेपालले नियमित कार्यक्रमहरू गरिरहेको छ ।

---

# नेपाल यातायात मजदुर संघद्वारा नयाँ संगठन बिस्तार




नेपाल यातायात मजदुर संघमा यातायात क्षेत्रमा काम गर्ने श्रमिकहरूलाई स्थानीयस्तरमा सुचिकृत (पञ्जिकरण), सामाजिक सुरक्षा कोषमा समावेश, श्रमिकहरूको न्यूनतम ज्याला निर्धारण गराई कार्यान्वयन, सडक र सवारी साधन पुगेका जिल्लाहरूको नक्साङ्कन, जिल्ला तहमा सहकारी गठन, Gig Platform अन्तर्गत एप बेसमा आधारीत Online माध्यमबाट हुने यातायात Pathao, Tutal, फूड डेलिभरी आदी क्षेत्रमा काम गर्ने श्रमिकहरूलाई समेत संगठित गर्ने काम भैरहेको छ । क्लाइमेट चेन्ज तथा जस्ट ट्रान्जिसनबाट यातायात श्रमिकलाई हुन सक्ने असर बारे सचेतना कार्यक्रमहरू र सम्बन्धित निकायमा दवाव, गोदाम घर तथा सोसँग सम्बन्धित क्षेत्रमा रहेका श्रमिकहरूलाई अझ बढी संगठित, श्रमिकका मुद्दाहरूमा समकक्षी संगठनहरूसंग संघले बृहत रुपमा सहकार्य समेत गरिरहेको छ ।

नेपाल यातायात मजदुर संघले एप वेशमा आधारित नेपाल राईडर्स तथा अनलाईन सम्बद्ध श्रमिक संघको नयाँ ट्रेड युनियन गठन साथै श्रम विभागबाट आधिकारीक प्रमाणपत्र समेत प्राप्त गराउनुको साथै एप वेशमा आधारित एक दिवशीय ट्रेड युनियन शैक्षिक कार्यक्रम सम्पन्न गरिएको छ ।

त्यसैगरी नेपाल यातायात मजदुर संघ पाल्पा तथा पर्सा जिल्ला समिति गठन तथा अधिवेशन सम्पन्न भएको छ । संघसंग आवद्ध रहेको नेपाल सुख्खा बन्दरगाह श्रमिक संघको प्रथम केन्द्रीय महाधिवेशन श्रावण ३२ गते विरगंजमा सम्पन्न भएको छ भने आई.टि.एफ.को निर्देशन अनुसार विश्वभरी नै (२०८१ भाद्र १० देखी १७ गतेसम्म) मनाईरहेको सेफ रेट्स अभियानका रुपमा नेपालमा पनि झापा (विर्तामोड, दमक, काकरभिट्टा), मोरङ्ग, सुनसरी (धरान, इटहरी, इनरुवा, भारदह), बारा, सप्तरी, तनहुँ, रुपन्देही, दाङ्ग, सुर्खेत, मकवानपुर, कैलाली, कञ्चनपुर तथा उपत्यकाको एयरपोर्ट, गौशाला, साझा यातायात ललितपुर, गंगवु नयाँ बसपार्क, सुन्दरीजल, कलंकी, थानकोट ट्याङ्कर, अमलेखगंज ट्याङ्कर, विराटनगर ट्याङ्कर, बागवजार लगायतका स्थानहरूमा सेफरेट्स अभियान कार्यक्रम सञ्चालन गरिएको छ ।

# नेपाल छापाखाना तथा संचार सम्बद्ध श्रमिक संघद्वारा नेतृत्व विकास तालिम सम्पन्न



नेपाल छापाखाना तथा संचार सम्बद्ध श्रमिक संघले उपत्यकामा रहेका विभिन्न तहका नेतृत्वहरूलाई श्रमिकको अधिकार र नेतृत्व विकास सम्बन्धि एक दिने तालिम दिएको छ। नेपाल ट्रेड युनियन काँग्रेसका उपमहासचिव कुल बहादुर खड्काको प्रमखु आतिथ्यता एवं सानोठिमी न.पा. वडा नं २ का वडा अध्यक्ष श्रीकृष्ण श्रेष्ठको विशिष्ठ आतिथ्यतामा सम्पन्न उक्त कार्यत्रमको अध्यक्षता नेपाल छापाखाना तथा संचार सम्बद्ध श्रमिक संघका अध्यक्ष सुवर्णजंग सिजापतिको अध्यक्षतामा सम्पन्न भएको हो। उक्त कार्यक्रमको उद्घाटन गर्नु हुनदै प्रमुख अतिथि खड्काले यो तालिमले श्रमिकका नेतृत्व वर्गलाई आफ्नो अधिकारको विषयमा थप स्पष्ट हुदै नेतृत्व विकास हुने कुराको विश्वास व्यक्त गर्नुभयो भने विशिष्ठ अतिथि श्रेष्ठले श्रमिकको हक हितमा आफु सधै लागिराख्ने र हर सम्भव सहयोग गर्ने कुरा व्यक्त गर्नु भयो। अध्यक्ष सिजापतिले नेतृत्व तहमा रहेका नेतृत्वहरूमा आफ्नो अधिकारको बारेमा यस तालिमले थप स्पष्टता आउने र कार्यक्षेत्रमा फर्कंदै गर्दा आफ्ना कुरा राख्दा नेतृत्वलाई थप आत्मविश्वास पैदा गर्ने छ भन्ने कुरामा विश्वास लिनु भएको छ। संघले प्रथम परिषद् सम्पन्न गरेको छ।




# नेतृत्व विकास तथा तिज विशेष कार्यक्रम सम्पन्न

नेपाल ट्रेड युनियन काँग्रेस राष्ट्रिय महिला समितिले मिति २०८१ जेष्ठ २७ गते धनगढि उपमहानगरपालिकाकी पूर्व उपमेयर तथा नेपाली काँग्रेसकी केन्द्रिय सदस्य श्री शुसिला मिश्र भट्को प्रस्तुतीकरणमा नेतृत्व विकास तथा प्रशिक्षण कार्यक्रम आयोजना गऱ्यो। जसमा NTUC का महिला पदाधिकारी, बागमती प्रदेश, काठमाडौं, भक्तपुर र ललितपुर र आबद्ध संघहरूबाट समेत महिला सहभागिहरूको उपस्थितिमा कार्यक्रम सम्पन्न भयो। नेपाल ट्रेड युनियन कांग्रेस महिला समितिको आयोजनामा तिज विषेश कार्यक्रम सम्पन्न भयो। तिजलाइ मनोरन्जनात्मक मात्र नभएर आर्थिक वृद्धिको अवसरको रुपमा लैजानु पर्छ भन्ने कुरालाइ दर्शाउन विभिन्न आवद्ध संघहरूको स्टल राखेर व्यापार मेलाको आयोजना गरिएको थियो। त्यसैगरी महिला समितिले दिपावलीको अवसर पारेर देउसीभैली तथा शुभकामना आदान प्रदान कार्यक्रम गऱ्यो। यसैक्रममा आफ्नो मन्तव्य राख्दै नेपाल ट्रेड युनियन काँग्रेसका महिलाहरूले सस्कृतिलाइ शसक्तिकरणको रुपमा मनाउन पर्ने बताएका छन्।

# नेपाल गृह श्रमिक संघद्वारा अन्तरक्रिया कार्यक्रम सम्पन्न

२०८१ आषाढ २ गते International Dometic Worker's day को अवसरमा नेपाल गृह श्रमिक संघले *"**घरेलु श्रमिकका लागि लोकतन्त्र र मर्यादित काम**"* विषयक छलफल कार्यक्रमको आयोजना गऱ्यो। NTUC का पदाधिकारी, बागमती प्रदेश, काठमाडौं, भक्तपुर, ललितपुर र



आबद्ध संघहरूबाट उल्लेख्य महिला सहभागिता रहेको उक्त कार्यक्रममा ILO नेपालकी वरिष्ठ कार्यक्रम अधिकृत श्री विना कुँवर थापाले गृह श्रमिकका विविध पक्षहरूबारे प्रस्तुतीकरण गर्नु भएको थियो।

# विश्व युवा दिवसमा प्रभातफेरी कार्यक्रम




ट्रेड युनियन आन्दोलनमा युवाहरूको आकर्षण र उपस्थिती खस्कदै गएको अवस्थालाई चिर्न जरुरी छ। यसै विषयलाई मध्यनजर गरी नेपाल ट्रेड युनियन काँग्रेस अन्तरगत राष्ट्रिय युवा मितिले २०८१ साल जेठ १४ र १५ गते राष्ट्रिय युवा सम्मेलनको आयोजना गरी आगामी ३ वर्षको लागि कार्ययोजना तर्जुमा गरेको छ। कार्ययोजनामा उल्लेखित विषयहरूलाई कार्यान्वयन गरी युवा सहभागिता बढाउँदै लैजाने विषयलाई नेपाल ट्रेड युनियन काँग्रेसले प्राथमिकतामा राख्नेछ भन्ने युवा श्रमिकहरूले विश्वास लिएका छन्।

नेपाल ट्रेड युनियन कांग्रेस राष्ट्रिय युवा समितिको आयोजनामा नेपाल ट्रेड युनियन कांग्रेस कास्कीको सभाहलमा "A Workshop on Trade Union Education, Capacity Development & Stress Management" सम्बन्धी १ दिनको गोष्ठी नेपाली कांग्रेसका नेता देबराज चालिसेको प्रमुख आतिथ्यतामा सबै आबद्ध सघका ४/४ जना, महिला स्वास्थ्य स्वयम् सेविकाहरू जम्मा १२५ जनाको सहभागीतामा कार्यक्रम संचालन गरियो।

नेपाल ट्रेड युनियन काग्रेस राष्ट्रिय युवा समितिद्वारा २०८१ साउन २८ (अगष्ट १२) गतेका दिन बिश्व युवा दिवस भब्यताका साथ सम्पन्न गरेको थियो। "From Clicks to Progress: Youth Digital Pathways for Sustainable Development" भन्ने मूल नाराका साथ माइतीघर मण्डलादेखि नयाँ बानेश्वर अल्फा बिटासम्म प्रभातफेरी गरि सडक बहस कार्यक्रम गरेको थियो। कार्यक्रममा प्रमुख अतिथि नेपाली कांग्रेसका सहमहामन्त्री माननीय जीवन परियार हुनुहन्थ्यो भने बिशेस अतिथि NTUC राष्ट्रिय समितिका अध्यक्ष श्री योगेन्द्र कुमार कुँवर, नेपाल विद्यार्थी सघका केन्द्रीय अध्यक्ष दुजाङ शेर्पा र solidarity center बाट लुना रंजितले सडक बहस गर्नु भएको थियो।